# नेपाल मातृ मृत्यु अध्ययन २०७८

## कर्णाली प्रदेशको तथ्यगत सार *(Fact Sheet)*

नेपाल सरकार
**स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय**
जनसङ्ख्या व्यवस्थापन महाशाखा
रामशाहपथ, काठमाडौं, नेपाल

पन्ध्रौं योजना एवम् दिगो विकास लक्ष्यअनुसार नेपालले सन् २०३० सम्ममा मातृ मृत्यु अनुपात प्रति लाख जीवित जन्ममा ७० पुऱ्याउने लक्ष्य लिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय तथ्याङ्क कार्यालय, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् र स्वास्थ्य विकास साझेदारहरूको संयुक्त प्रयासमा राष्ट्रिय तथा प्रादेशिक स्तरमा मातृ मृत्युको अवस्था र मातृ मृत्युको कारणहरू पहिचान गर्नका लागि नेपालमा पहिलो पटक राष्ट्रिय जनगणनासँगै मातृ मृत्यु सम्बन्धी अध्ययन पूर्ण गणनाको रूपमा सम्पन्न भएको छ । यस अध्ययनको निष्कर्षले सबै तहहरूमा तथ्यपरक नीति र कार्यक्रम निर्माण गरी मातृ स्वास्थ्यमा सुधार ल्याउन सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

यस अध्ययनमा राष्ट्रिय जनगणनामा खटिएका गणकले प्रजनन् उमेर समूह (१५-४९ वर्ष) का महिलाको मृत्यु भएको सूचना उपलब्ध गराएपश्चात् तालिम प्राप्त स्थानीय स्वास्थ्यकर्मीले प्रत्येक मृतक महिलाको घरपरिवारमा गई गर्भावस्थासँग सम्बन्धित मृत्युको पहिचान गरी मौखिक जाँचबुझ (Verbal Autopsy) मार्फत विस्तृत विवरण सङ्कलन गरिएको थियो । विषय विज्ञद्वारा मौखिक जाँचबुझको आधारमा मातृ मृत्युको सम्भावित कारण पत्ता लगाइएको थियो । अध्ययन अवधिको एक वर्षमा (२०७८ मङ्सीर ९ गतेभन्दा अगाडि विगत १२ महिना) नेपालमा कुल ६२२ मातृ मृत्यु पत्ता लागेकोमा ११ वटा मृत्युको केही जानकारी अपुग भएकोले मृत्युको कारण विश्लेषण गर्न जम्मा ६११ वटा मातृ मृत्युलाई आधार मानिएको छ भने मातृ मृत्युको अनुपातका लागि ६२२ मातृ मृत्युलाई आधार मानिएको छ । **कर्णाली** प्रदेशमा ५४ वटा मातृ मृत्यु पत्ता लागेकोमा तिनीहरू कै आधारमा मातृ मृत्युको अनुपात एवम् मृत्युको कारण सम्बन्धी विश्लेषण गरिएको छ ।




यस अध्ययनले नेपालमा अझै पनि धेरै मातृ मृत्यु गर्भावस्थाको समयमा रक्तस्राव र उच्च रक्तचाप जस्ता रोकथाम गर्न सकिने कारणले हुने देखाएको छ भने उल्लेख्य मृत्यु आत्महत्या जस्ता गैरप्रसूतिजन्य कारणले पनि भएको देखिन्छ । यसले मातृ मृत्यु निम्त्याउने तीन ढिलाइलाई थप न्यूनीकरण गर्दै स्वास्थ्य संस्थामा मातृ स्वास्थ्य सेवाको गुणस्तर र प्रेषण संयन्त्रमा सुधार तथा आपतकालीन यातायात व्यवस्थापनलाई बलियो बनाउनु पर्ने देखिन्छ । यस अध्ययनको सिलसिलामा प्रत्येक स्थानीय तहमा कम्तिमा एक जना स्वास्थ्यकर्मीले मातृ मृत्युको मौखिक जाँचबुझ सम्बन्धी सिप प्राप्त गरेकाले यस अध्ययनले समुदायमा आधारित मातृ मृत्यु निगरानी र प्रतिकार्य प्रणाली सुदृढ तथा विस्तार गर्ने बलियो आधार निर्माण गरेको छ ।

## नेपाल

### मातृ मृत्यु अनुपात

(प्रति लाख जिवित जन्म)

**नेपाल १५१**




**जीवित जन्म**

**४१२,९३५**

**प्रजनन उमेर समूहका महिलाको मृत्यु**

**१२,९७६**

द्रष्टव्य: यस अध्ययनको मुल प्रतिवेदन स्वास्थ्य तथा जनङ्ख्या मन्त्रालय तथा राष्ट्रिय तथ्याङ्क कार्यालयको वेभपेजमा उपलब्ध छ । (प्रतिवेदन)

# कर्णाली प्रदेश


**जीवित जन्म** ३१,३२३

**प्रजनन उमेर समूहका महिलाको मृत्यु** ६५७

**मातृ मृत्यु अनुपात** १७२
(प्रति लाख जिवित जन्म)

**मातृ मृत्यु सङ्ख्या** ५४

## जिल्लाअनुसार मातृ मृत्यु सङ्ख्या




## उमेर समूहअनुसार मातृ मृत्यु
(प्रतिशतमा)

| १५–१९ (वर्ष) | २०–२४ (वर्ष) | २५–२९ (वर्ष) | ३०–३४ (वर्ष) | ३५–४९ (वर्ष) |
|---|---|---|---|---|
| २४ | ३५ | २२ | १३ | ६ |

## शैक्षिक स्तरअनुसार मातृ मृत्यु
(प्रतिशतमा)

| | |
|---|---|
| कहिल्यै विद्यालय नगएको/थाहा नभएको | २८ |
| १–८ कक्षा | २२ |
| ९–१२ कक्षा | ५० |
| स्नातक र माथि | ० |


## स्थानअनुसार मातृ मृत्यु
(प्रतिशतमा)

स्वास्थ्य संस्था: ५०


अन्यत्र: ५०

- ३७ घरमा
- ४ घरबाट स्वास्थ्य संस्था जाँदै गर्दा
- ९ स्वास्थ्य संस्थाबाट स्वास्थ्य संस्थामा जाँदै गर्दा

## स्थानीय तहअनुसार मातृ मृत्यु
(प्रतिशतमा)





## अवस्थाअनुसार मातृ मृत्यु
(प्रतिशतमा)





## प्रसव तथा सुत्केरी अवस्था/किसिम
(प्रतिशतमा)




## मातृ मृत्यु निम्त्याउने ढिलाइ
(प्रतिशतमा)




## मातृ मृत्युको मुख्य कारण
(प्रतिशतमा)



## मातृ मृत्यु अवस्था, स्थान र प्रसूतिको किसिमअनुसार मातृ मृत्यु सङ्ख्या

| जिल्ला/स्थानीय तह | मातृ मृत्यु संख्या | मातृ मृत्यु हुँदाको अवस्था | | | मातृ मृत्यु भएको स्थान | | प्रसूतिको किसिम | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | गर्भावस्था | प्रसव | सुत्केरी | स्वास्थ्य संस्था | गैर स्वास्थ्य संस्था | सामान्य प्रसूति | औजार उपकरणको प्रयोग | शल्यक्रिया |
| **डोल्पा** | ३ | ० | २ | १ | ० | ३ | ३ | ० | ० |
| त्रिपुरासुन्दरी नगरपालिका | २ | ० | १ | १ | ० | २ | २ | ० | ० |
| ठुलीभेरी नगरपालिका | १ | ० | १ | ० | ० | १ | १ | ० | ० |
| **मुगु** | २ | १ | ० | १ | ० | २ | १ | ० | ० |
| सोरु गाउँपालिका | १ | ० | ० | १ | ० | १ | १ | ० | ० |
| खत्याड गाउँपालिका | १ | १ | ० | ० | ० | १ | ० | ० | ० |
| **हुम्ला** | ४ | २ | १ | १ | २ | २ | २ | ० | ० |
| चङ्खेली गाउँपालिका | १ | १ | ० | ० | ० | १ | ० | ० | ० |
| खार्पुनाथ गाउँपालिका | १ | ० | ० | १ | १ | ० | १ | ० | ० |
| नाम्खा गाउँपालिका | १ | १ | ० | ० | ० | १ | ० | ० | ० |
| ताँजाकोट गाउँपालिका | १ | ० | १ | ० | १ | ० | १ | ० | ० |
| **जुम्ला** | १ | ० | १ | ० | ० | १ | १ | ० | ० |
| गुठीचौर गाउँपालिका | १ | ० | १ | ० | ० | १ | १ | ० | ० |
| **कालिकोट** | ८ | ३ | १ | ४ | ४ | ४ | २ | ० | २ |
| पलाता गाउँपालिका | १ | ० | ० | १ | १ | ० | १ | ० | ० |
| पचालझरना गाउँपालिका | १ | १ | ० | ० | ० | १ | ० | ० | ० |
| रास्कोट नगरपालिका | २ | ० | १ | १ | २ | ० | १ | ० | ० |
| सान्नी त्रिवेणी गाउँपालिका | १ | १ | ० | ० | ० | १ | ० | ० | ० |
| नरहरिनाथ गाउँपालिका | २ | १ | ० | १ | १ | १ | ० | ० | १ |
| तिलागुफा नगरपालिका | १ | ० | ० | १ | ० | १ | ० | ० | १ |
| **दैलेख** | ६ | ३ | ० | ३ | ३ | ३ | २ | ० | १ |
| नौमुले गाउँपालिका | १ | १ | ० | ० | ० | १ | ० | ० | ० |
| भैरवी गाउँपालिका | १ | ० | ० | १ | १ | ० | १ | ० | ० |
| ठाँटीकाँध गाउँपालिका | २ | १ | ० | १ | ० | २ | १ | ० | ० |
| नारायण नगरपालिका | २ | १ | ० | १ | २ | ० | ० | ० | १ |
| **जाजरकोट** | ६ | ३ | १ | २ | १ | ५ | ३ | ० | ० |
| बारेकोट गाउँपालिका | १ | ० | ० | १ | ० | १ | १ | ० | ० |
| कुशे गाउँपालिका | १ | १ | ० | ० | ० | १ | ० | ० | ० |
| जुनीचाँदे गाउँपालिका | १ | ० | ० | १ | ० | १ | १ | ० | ० |
| शिवालय गाउँपालिका | १ | १ | ० | ० | ० | १ | ० | ० | ० |
| भेरी नगरपालिका | २ | १ | १ | ० | १ | १ | १ | ० | ० |
| **रुकुम पश्चिम** | ६ | ४ | ० | २ | ४ | २ | १ | ० | १ |
| आठबिसकोट नगरपालिका | १ | १ | ० | ० | ० | १ | ० | ० | ० |
| बाँफिकोट गाउँपालिका | २ | २ | ० | ० | २ | ० | ० | ० | ० |
| त्रिवेणी गाउँपालिका | २ | ० | ० | २ | २ | ० | १ | ० | १ |
| चौरजहारी नगरपालिका | १ | १ | ० | ० | ० | १ | ० | ० | ० |
| **सल्यान** | ८ | २ | ० | ६ | ४ | ४ | २ | १ | ३ |
| कुमाख गाउँपालिका | १ | ० | ० | १ | १ | ० | ० | ० | १ |
| बनगाड कुपिण्डे नगरपालिका | १ | ० | ० | १ | १ | ० | ० | ० | १ |
| छत्रेश्वरी गाउँपालिका | १ | ० | ० | १ | ० | १ | १ | ० | ० |
| शारदा नगरपालिका | २ | १ | ० | १ | ० | २ | ० | १ | ० |
| कालीमाटी गाउँपालिका | १ | १ | ० | ० | १ | ० | ० | ० | ० |
| कपुरकोट गाउँपालिका | २ | ० | ० | २ | १ | १ | १ | ० | १ |
| **सुर्खेत** | १० | २ | १ | ७ | ९ | १ | ३ | १ | ३ |
| सिम्ता गाउँपालिका | १ | ० | ० | १ | १ | ० | ० | ० | १ |
| चिङ्गाड गाउँपालिका | १ | १ | ० | ० | ० | १ | ० | ० | ० |
| गुर्भाकोट नगरपालिका | १ | ० | ० | १ | १ | ० | ० | १ | ० |
| वीरेन्द्रनगर नगरपालिका | ७ | १ | १ | ५ | ७ | ० | ३ | ० | २ |
| **कर्णाली प्रदेश जम्मा** | ५४ | २० | ७ | २७ | २७ | २७ | २० | २ | १० |

द्रष्टव्य: अध्ययन अवधिमा मातृ मृत्यु नभएका स्थानीय तहहरूलाई तालिकामा समावेश गरिएको छैन।